म.जि.प्र.का.द.नं. : १०६/०६८, | वर्ष १५ | अंक २११ | बुधबार, ४ चैत २०८२ | ने. सं. ११४६ चिल्लागा | 18 March 2026 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा
# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## वीमा क्षतिपूर्ति रकम वितरण

हेटौंडा, ३ चैत/निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड, पालुङ शाखाले सामाजिक उत्तरदायित्व अन्तर्गत वीमा क्षतिपूर्ति रकम वितरण गरेको छ । मकवानपुरको थाहा नगरपालिका-५ खर्कस्थित खर्क महिला समाजकी सदस्य स्वर्गीय मनमाया घिसिङको असामयिक निधनपछि, संस्थाले कर्जा वीमाबापत ५ लाख ८५ हजार रकम उनका श्रीमान् राजकुमार घिसिङलाई चेकमार्फत हस्तान्तरण गरेको हो । कार्यक्रम थाहा नगरका वडाअध्यक्ष विष्णुबहादुर गुरुङको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो । उनले ग्रामीणक्षेत्रमा लघुवित्त संस्थाले समाज परिवर्तन तथा ग्रामीण क्षेतमा जीवनस्तर उकास्न खेलेको भूमिकाबारे धारणा व्यक्त गरेका थिए । शाखाप्रमुख वीरबहादुर लामातामाङले वीमा क्षतिपूर्तिसम्बन्धी जानकारी गराउँदै सदस्यलाई यस्ता सेवाबाट लाभ लिन आग्रह गरे । कार्यक्रमको सञ्चालन शाखाका लेखापाल नवराज भट्टराईले गरेका थिए । निर्धन उत्थान लघुवित्तले विपन्न वर्गलाई लक्षित गर्दै वित्तीयसेवा प्रदान गर्दै आएको छ भने यस्ता वीमा कार्यक्रममार्फत सदस्यको आर्थिक सुरक्षामा टेवा पुऱ्याउँदै आएको छ ।

### मुख्यमन्त्री बानियाँ भन्छन्: बजेट खर्च कम हो तर, काम नभएको भन्न मिल्दैन

# ८ महिनामा २२ प्रतिशत मात्रै खर्च

साझाकुरा संवाददाता

हेटौंडा, ३ चैत/चालु आर्थिक वर्ष सकिन ४ महिना मात्र बाँकी हुँदा बागमती प्रदेश सरकारले कुल बजेटको २२ दशमलब ३१ प्रतिशत मात्रै बजेटखर्च गर्न सकेको छ ।

कुल ६७ अर्ब ४७ करोड ७३ लाख रुपैयाँको बजेट ल्याएको प्रदेश सरकारले ८ महिनाको अवधिमा १५ अर्ब ५ करोड ८ लाख रुपैयाँ अर्थात् २२ दशमलब ३१ प्रतिशत मात्र खर्च गरेको हो । आर्थिक वर्षको बाँकी ४ महिनामा सरकारले ७७ दशमलब ६९ प्रतिशत बजेटखर्च गर्नुपर्ने दबाब सिर्जना भएको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयका पुँजीगतखर्चको अवस्था निकै नाजुक देखिएको छ । पुँजीगत बजेटतर्फ विनियोजित ४१ अर्ब ४३ करोड ३५ लाख रुपैयाँमध्ये जम्मा ७ अर्ब ९ करोड १८ लाख अर्थात् १७ दशमलब १२ प्रतिशत मात्र खर्च भएको छ । विकासका लागि छुट्ट्याइएको ८३ प्रतिशतभन्दा बढी बजेट अझै खर्च हुन सकेको छैन ।

चालुखर्च भने तुलनात्मक रुपमा बढी गरेको छ । चालुतर्फको २६ अर्ब ४ करोड ३७ लाख ९९ हजार बजेटमध्ये ३० दशमलब ५६ प्रतिशत अर्थात् ७ अर्ब ९५ करोड ९० लाख २५ हजार रुपैयाँ खर्च भएको हो । नवयुवा आन्दोलनका कारण प्रदेश सरकारका संरचनाहरु क्षतिग्रस्त भएको, प्रदेश सरकारका निकायले राम्ररी काम गर्न नसकेको र बजेट कार्यान्वय हुन नसक्दा प्रदेश सरकारको खर्च कम देखिएको मन्त्रालयका अधिकृत सुरज पौडेलले बताए ।



त्यसैगरी मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले बजेटखर्च कम देखिएपनि काम नभएको भन्न नमिल्ने जिकिर गरेका छन् । जेनजी आन्दोलन, चाडपर्व, पार्टीका अधिवेशन, निर्वाचनलगायतको कारण विगतको तुलनामा बजेटखर्च कम देखिएको उनको धारणा छ । बजेटखर्च प्रणालीलाई सुधार गर्न संघीय सरकारसँग समन्वय र सहकार्य गर्ने उनले उल्लेख गरेका छन् ।

**कुन मन्त्रालयको खर्च कति ?**

प्रदेश सरकारका १३ मन्त्रालय तथा मातहतको निकायमध्ये सबैभन्दा बढी श्रम, रोजगार तथा यातायात मन्त्रालयले बजेट खर्च गरेको छ । यो मन्त्रालयले आफ्नो वार्षिक बजेटको ३८ दशमलब ४५ प्रतिशत अर्थात् २७ करोड ७६ लाख रुपैयाँ खर्च गरेको छ । यस्तै, स्वास्थ्य मन्त्रालयले १ अर्ब ३१ करोड ३६ लाख रुपैयाँ ३७ दशमलब १० प्रतिशत, सहकारी तथा गरिबी निवारण मन्त्रालयले ३४ दशमलब ५३ प्रतिशत अर्थात् ७ करोड ७५ लाख रुपैयाँ खर्च गरेको छ ।

प्रदेश सरकारले सबैभन्दा बढी बजेट विनियोजन गरेको भौतिक पूर्वाधार विकास मन्त्रालयले २३ दशमलब ४६ प्रतिशतमात्र बजेट खर्च गरेको छ ।

पूर्वाधार विकासतर्फको सम्पूर्ण काम गर्दै आएको यो मन्त्रालयले ८ महिनामा ५ अर्ब ५ करोड ३ लाख रुपैयाँ खर्च गरेको छ । त्यस्तै मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले १ करोड १८ हजार रुपैयाँ अर्थात् २५ दशमलब १७ प्रतिशत, आर्थिक मामिला तथा योजना मन्त्रालयले ६ करोड ९१ लाख रुपैयाँ अर्थात् ३३ दशमलब २४ प्रतिशत, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले १४ करोड ७३ लाख रुपैयाँ अर्थात् २२ दशमलब ७२ प्रतिशत बजेटखर्च गरेको छ ।

यसैगरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयले ३८ करोड ६४ लाख रुपैयाँ अर्थात् १७ दशमलब ७५ प्रतिशत, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले १ अर्ब २९ करोड ६ लाख रुपैयाँ अर्थात् १९ दशमलब ७१ प्रतिशत, आन्तरिक मामिला तथा कानुन मन्त्रालयले १७ करोड २७ लाख रुपैयाँ अर्थात् ३३ दशमलब ३९ प्रतिशत, संस्कृति तथा पर्यटन मन्त्रालयले २४ करोड ५६ लाख अर्थात् ७ दशमलब ६३ प्रतिशत, वन तथा वातावरण मन्त्रालयले १ अर्ब ३ करोड ६९ लाख रुपैयाँ अर्थात् २८ दशमलब २२ प्रतिशत, युवा तथा खेलकुद मन्त्रालयले १२ करोड १७ लाख अर्थात् १२ दशमलब ०७ प्रतिशत, सामाजिक विकास मन्त्रालयले ७४ करोड ६६ लाख रुपैयाँ अर्थात् २० दशमलब ९० प्रतिशत खर्च गरेको छ ।

प्रदेश व्यवस्थापिकाले १० करोड ५६ लाख रुपैयाँ अर्थात् ३७ दशमलब ९२ प्रतिशत, प्रदेश लोकसेवा आयोगले ३ करोड ७९ लाख रुपैयाँ अर्थात् ४३ दशमलब ८५ प्रतिशत, मुख्य न्यायाधीवक्ताको कार्यालयले ९२ लाख रुपैयाँ अर्थात् ३७ दशमलब १० प्रतिशत खर्च गरेको छ । प्रदेश नीति तथा योजना आयोगको चालु र पुँजीगतखर्च निकै न्यून छ भने कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा र विविध शीर्षकमा छुट्ट्याइएको ४ अर्ब ४२ करोडभन्दा बढी फागुन मसान्तसम्म खर्च हुन सकेको छैन ।

# 'किशोरी अवस्थामै आमा बन्ने क्रम रोकिएन'



साझाकुरा संवाददाता

हेटौंडा, ३ चैत/मकवानपुरमा किशोरी अवस्थामा नै आमा बन्ने क्रम अझै रोकिएको छैन । विशेषगरी कैलाश गाउँपालिका र राक्सिराङ गाउँपालिकामा २० वर्षभन्दा कम उमेरमै आमा बन्ने किशोरीको संख्या उल्लेख्य रहेको पाइएको छ ।

जनस्वास्थ्य कार्यालय मकवानपुरले मंगलबार आयोजित पत्रकार अन्तरक्रियामा जिल्लामा अझै बालविवाह र कम उमेरमा आमा बन्ने समस्या कायमै रहेको जनाएको हो । बालविवाह, जनचेतनाको कमी लगायत कारणले कम उमेरमै आमा बन्ने गरेका छन् । आर्थिक वर्ष २०८०/८१ मा १० दशमलब ५ प्रतिशत कम उमेरमा आमा बनेकोमा २०८१/८२ मा बढेर ११ प्रतिशत पुगेको थियो । चालु आर्थिक वर्ष २०८२/८३ को ८ महिनामा पनि १० दशमलव ७ प्रतिशत किशोरी आमा बनेको तथ्यांक सार्वजनिक गरिएको छ ।

जनस्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख किरण श्रेष्ठका अनुसार कानुनी व्यवस्था मात्रै पर्याप्त नहुने भएकाले आर्थिकरुपमा विपन्न समुदायलाई लक्षित गरी जीविकोपार्जनमूलक सीप विकास कार्यक्रम आवश्यक रहेको छ । स्थानीय तहसँगको समन्वयमा विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन भइरहे पनि अपेक्षित सुधार आउन नसकेको उनले बताए । सूचनाअधिकारी लक्ष्मण घिमिरेले र ाक्सिराङ र कैलाश गाउँपालिकामा किशोर किशोरी लक्षित कार्यक्रम विस्तार गर्न आवश्यक रहेको उल्लेख गर्दै यसका लागि प्रदेश सरकारसँग समन्वय भइरहेको बताए ।

सिजेरियन (अपरेशन मार्फत) प्रसूति हुने दर समेत बढ्दो क्रममा रहेको देखिएको छ । २०८०/८१ मा २१ दशमलब ४ प्रतिशत रहेको सिजेरियन दर २०८१/८२ मा २३ दशमलब ३ प्रतिशत पुगेको छ भने चालु आर्थिक वर्षको ८ महिनामा २५ दशमलब ८ प्रतिशत प्रसुति अपरेशनमार्फत भएको जनाइएको छ । मकवानपुरमा वार्षिक अनुमानित ५ हजार ८ सय ६६ जीवित जन्म हुने गरेका छन् । जिल्लामा मातृ तथा नवजात शिशुसेवा प्रदान गर्ने ४ वटा सेवाकेन्द्र तथा ५८ वटा बर्थिङ सेन्टर सञ्चालनमा रहेका छन् । जनस्वास्थ्य कार्यालयले आर्थिक वर्ष २०८२/८३ मा जिल्लामा सञ्चालन गरिएको एचपिभी खोप अभियानअन्तर्गत ४ हजार ८६ जना अर्थात् ९५ प्रतिशतलाई खोप लगाइएको छ ।

भीमफेदी गाउँपालिकामा सडक दुर्घटना न्यूनीकरण तथा लागूऔषध सचेतना कार्यक्रमअन्तर्गत १ सय १४ जनाको परीक्षण गरिएकोमा १२ जनामा लागूऔषध सेवनको पुष्टि भएको थियो । यसैगरी, जनस्वास्थ्य कार्यालय र स्थानीय तहको सहकार्यमा मासिक प्रगति प्रतिवेदन तथा सर्भेलेन्स बुलेटिन प्रकाशन गर्दै आइएको र कार्यालयको वेबसाइटसमेत अद्यावधिक गरिएको जनाइएको छ ।

# यातायात क्षेत्रका आदेश कार्यान्वयन जाँचबुझ आयोगले बुझायो प्रतिवेदन



साझाकुरा संवाददाता

हेटौंडा, ३ चैत/यातायात क्षेत्रसम्बन्धी सर्वोच्च अदालतका आदेश कार्यान्वयन सम्बन्धमा गठित जाँचबुझ आयोगले गृहमन्त्री ओमप्रकाश अर्यालसमक्ष प्रतिवेदन बुझाएको छ ।

आयोगका सदस्यहरुले मंगलबार सिंहदरबारस्थित मन्त्रालयमा पुगेर गृहमन्त्री अर्यालसमक्ष प्रतिवेदन बुझाएको हो । सरकारले गत मंसिर २२ गते यातायात क्षेत्रसम्बन्धी सर्वोच्च अदालतका आदेश कार्यान्वयन सम्बन्धमा दीपक सुवेदीको अध्यक्षतामा शरद अधिकारी र योगेन्द्रनाथ कर्माचार्य सदस्य रहनेगरी जाँचबुझ आयोग गठन गरेको थियो । प्रतिवेदन बुझाइसकेपछि सञ्चार कर्मीसँग कुरागर्दै आयोगका अध्यक्ष सुवेदीले प्रतिवेदनमा सर्वोच्च अदालतका फैसला कार्यान्वयन गर्न तत्काल गर्नुपर्ने काम, साथै कानून संशोधन वा नयाँ कानून निर्माण मार्फत गर्नुपर्ने विषय समेटिएको बताए ।

'सर्वोच्च अदालतका यातायात क्षेत्रसँग सम्बन्धित फैसलाहरु कार्यान्वयन गर्ने सन्दर्भमा एउटा उच्चस्तरीय जाँचबुझ आयोग गठन भएको थियो । त्यो जाँचबुझ आयोगले कार्यसम्पादन गरी मंगलबार माननीय गृहमन्त्रीज्युसमक्ष प्रतिवेदन पेश गरेको छ । प्रतिवेदनमा एउटा त सर्वोच्च अदालतले यातायात क्षेत्रसँग गरेको फैसलालाई कार्यान्वयन गर्नको लागि तत्काल गर्नुपर्ने विषय र कानून संशोधन अथवा निर्माण गरेर गर्नुपर्ने विषयको बारेमा बोलिएको छ,' उनले भने ।

उनकाअनुसार प्रतिवेदनले यातायात क्षेत्रमा देखिएका विगतका कानुनी, संस्थागत तथा प्रक्रियागत समस्या समाधान गर्ने गरी विस्तृत कार्ययोजना पनि प्रस्ताव छ ।

'कानुनी, संस्थागत र प्रक्रियागत सुधारका लागि थुप्रै विषय जुन विगतमा समस्याको रुपमा थिए, ती सबै समाधान हुनेगरी कार्ययोजना बनाएर प्रश्तुत गरेका छौं । माननीय मन्त्रीज्युले प्रतिवेदनलाई छिटोभन्दा छिटो मन्त्रिपरिषद् मार्फत निर्णय गराएर कार्यान्वयनमा लैजान्छु भन्नुभयो,' उनले जानकारी गराए ।

# जिल्लास्तरीय पुरुष भलिबलको उपाधि मंगलेश्वरले जित्यो




साझाकुरा संवाददाता

हेटौंडा, ३ चैत/मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा जारी दोस्रो वृहत्, खेलकुद कृषि तथा पर्यटन महोत्सवमा भएको मकवानपुर जिल्लास्तरीय भलिबल प्रतियोगिताको उपाधि थाहा नगरपालिका-२, स्थित मंगलेश्वर युवा क्लबले जितेको छ ।

मंगलबार महोत्सवस्थलमा सम्पन्न भएको फाइनल खेलमा हेटौंडा-११, स्थित छहारी युवा समाजलाई ३-० को सोझो सेटले हराउँदै मंगलेश्वर युवा क्लबले उपाधि जितेको हो । छहारी युवा समाजलाई मंगलेश्वरले २७-२५, २५-२० र २५-१६ को सेटले पराजित गरेको हो । उपाधि जितेसँगै मंगलेश्वर युवा क्लबको टिमले एक लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको भने उपविजेता छहारी युवा समाजको टिमले ५० हजार रुपैयाँ र शिल्ड, मेडलमा चित्त बुझाउनु परेको छ ।

सेमीफाइनलमा बिहान पराजित दुई टिम प्रतिभा साँस्कृति युवा क्लब बज्रबाराही र मनहरीको टिमले १५/१५ हजार रुपैयाँसहित मेडल प्राप्त गरेका छन् । मकवानपुर जिल्ला भलिबल संघको व्यवस्थापनमा भएको प्रतियोगितामा ८ वटा टिमको सहभागिता रहेको थियो । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी घोषित भएका मंगलेश्वर युवा क्लबका खेलाडी कुशल लामाले ५ हजार रुपैयाँको नगद पुरस्कार प्राप्त गरेका छन् । उत्कृष्ट डिफेन्डर घोषित भएका मंगलेश्वर क्लबका विवेक कार्की, उत्कृष्ट स्पाइकर छहारी युवा समाजका पुजन गुरुङ, उत्कृष्ट सेटर मंगलेश्वर युवा क्लबका उत्सव आले मगर, उत्कृष्ट ब्लकर प्रवेश कार्की, उत्कृष्ट प्रशिक्षक छहारी युवा समाजका योगबहादुर लामा र उद्यान खेलाडी मनहरीका जोशन गौतमलाई २/२ हजार रुपैयाँको नगद पुरस्कार प्रदान गरिएको छ ।

मंगलबार भएको पहिलो सेमीफाइनल खेलमा मंगलेश्वर युवा क्लबले थाहा-६, स्थित नवप्रतिभा साँस्कृतिक युवा क्लबलाई २५-१९, २५-१८ र २५-१४ को सोझो सेटले पराजित गर्दै फाइनलमा प्रवेश गरेको थियो भने मंगलबार भएकै दोस्रो सेमीफाइनल खेलमा हेटौंडाको छहारी युवा सेवा समाजले मनहरी गाउँपालिकालाई २८-२६, २५-२३ र २५-१६ को साझो सेटले पराजित गर्दै फाइनलमा प्रवेश गरेको थियो ।



साझाकुरा

## हाम्रो कुरा

# जीर्ण हेटौंडा-काठमाडौं रोपवे

कुनैबेला हेटौंडा-काठमाडौं रोपवे काठमाडौँसम्म मालसमान ढुवानीको भर पर्दो साधन थियो । हेटौंडा-काठमाडौँ रज्जुमार्ग (रोपवे) अहिले अस्तित्व संरक्षणको चुनौतीमा छ । विगत २६ वर्षदेखि बन्दभई अहिले अस्थिपञ्जरमा परिणत भइसकेको यो रोपवे नेपालको पहिलो आधुनिक ढुवानी माध्यम थियो, जसले ढुवानी समय र खर्च निकै कम गरेको थियो । मुलुकको यातायात तथा ढुवानी साधनको इतिहाससँग जोडिएको यो रोपवे पुन: सञ्चालनका लागि अहिले न संघीय सरकारले कुनै चासो देखाएको छ न प्रदेश सरकारले । यो रोपवे २०५६ सालदेखि पूर्णरुपमा बन्द छ । यो रोपवे पुन: सञ्चालनका लागि विगतमा बागमती प्रदेश सरकारले केही पहल गरेपनि त्यसले सार्थकता पाउन सकेन । बागमती प्रदेश सरकारका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले तत्कालीन प्रदेश सरकारले रोपवे पुन:सञ्चालनका लागि प्रयास गरेपनि सफल हुन नसकेको स्वीकार गरेका छन् ।

यो रोपवे पुन:सञ्चालनका लागि प्रदेश सरकारले अध्ययन गराएको थियो । अध्ययनले रोपवेका खम्बा र तारलगायत सामग्री पुन:प्रयोग गर्न नसक्ने अवस्थामा पुगिसकेको देखायो । पुन:सञ्चालनका लागि रोपवेका स्टेसन र खम्बा रहेका सार्वजनिक ठाउँबाहेक अरु केही पनि बाँकी नरहेको देखायो । मालसामान ढुवानीका साथै रोपवेमार्फत् हेटौंडादेखि काठमाडौँसम्म आवतजावत गर्न मिल्ने गरी पुन:सञ्चालनका लागि अध्ययन गरिएको भएपनि खासै चासो देखिएको छैन । रोपवेको संरचनालाई पोडवे संचालन गर्ने पूताव पनि निजीक्षेत्रबाट आएको छ । तर, सरकारलाई यो विषयमा कुनै चासो छैन । मालसमानको ढुवानी गर्ने साधन तथा पर्यटकीय दृष्टिकोणले रोपवे सञ्चालनमा ल्याउनुपर्ने थियो । रोपवेलाई पूर्णक्षमतामा काठमाडौँसम्म सञ्चालन गर्ने साथै यो क्षेत्रमा रहेका पर्यटकीय टापुमा स्टेसन बनाउने र त्यहाँसम्म पर्यटक पुऱ्याउने उद्देश्यसहित अध्ययन गरिएको थियो । मुलुकको इतिहाससँग जोडिएको र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण रहेको यो रोपवे पुन:सञ्चालनका लागि संघीय वा प्रदेश सरकारबाट इमानदार प्रयास हुनुपर्ने थियो । यो रोपवे पुन:सञ्चालनमा आएको खण्डमा मुलुकले पेट्रोलियमपदार्थ र बर्खायाममा बाढीपहिरोको समस्या भोग्दै आएको अवस्थामा ठुलो राहत हुने थियो । रोपवेलाई निजीकरण गर्ने प्रयास भएपनि सफल हुन सकेन । अर्थ मन्त्रालयले २०६१ सालमा मूल्यांकनकर्ता नै नियुक्त गरी निजीकरणको प्रयास गरेको थियो । २०६२ सालमा रोपवे सञ्चालन गर्न अर्थ मन्त्रालयले आशयपत्र मागेपछि तीनवटा कम्पनीले प्रस्ताव पेस गरेपनि कुनै निर्णय हुन सकेन । पहिलो पञ्चवर्षीय योजना (२०१३-१८) अन्तर्गत एसियाकै पुरानो यो रोपवे निर्माण गरिएको थियो ।

हेटौंडादेखि काठमाडौँसम्म कुल लम्बाइ ४२.२ किलोमिटर रहेको यो रोपवे २०५६ सालमा बिग्रँदा चार लाख रुपैयाँको अभावमा मर्मतसम्भार हुन नसक्दा बन्द भएको बताइएको छ । मकवानपुरको भैँसेस्थित सबस्टेसनमा रहेको ट्रान्सफर्मर बिग्रँदा मर्मतसम्भार गर्न चार लाख रुपैयाँ चाहिएको थियो । त्यसपछि तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले २०५९ सालमा यसलाई खारेज गर्ने निर्णय गरेको थियो । अमेरिकी सरकारको २९ करोड रुपैयाँ अनुदान सहयोगमा २०१६ देखि २०२० सालसम्म 'नेपाल रोपवे' निर्माण गरी त्यसै वर्षदेखि सञ्चालनमा ल्याइएको थियो । अमेरिकाको रिब्लेट ट्रामवे कम्पनीले यो निर्माण गरेको थियो । ३६० वटा डब्बा रहेको यो रोपवे दैनिक १० घण्टा सञ्चालनमा २२० टन मालसामान हेटौंडादेखि काठमाडौँसम्म ओसार्थ्यो । तत्कालीन समयमा नै यो रोपवेले करिब एक हजार जनालाई प्रत्यक्ष रोजगारी दिएको थियो । हेटौंडादेखि काठमाडौंसम्म सामान पुऱ्याउन चारघण्टा समय लाग्दथ्यो । त्यसबेला प्रतिकिलो पाँच पैसाको दरमा ढुवानी गरिन्थ्यो । बागमती प्रदेश सरकारको २०७६ माघ १३ गते बसेको मन्त्रीपरिषद्को बैठकले रोपवे पुन:सञ्चालनमा ल्याउने निर्णय गरेको थियो भने प्रदेश सरकारले रोपवे पुन:सञ्चालनमा ल्याउने शीर्षकमा आर्थिक वर्ष २०७७/७८ मा बजेट समेत विनियोजन गरेको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ चैत ५ गते बिहीबार १९ मार्च २०२६ । औंसी, चैत्र कृष्णपक्ष । चिल्लागा ११४६ ने.सं. । सूर्योदय ६:११ सूर्यास्त ६:१४ । ज्योतिष दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मानसिक चिन्ता | **तुला** | : परिवारमा हर्ष |
| **वृष** | : कार्यान्तरणको योग | **वृश्चिक** | : व्यवसाय फस्टाउने |
| **मिथुन** | : व्यर्थ भ्रमण | **धनु** | : नैराश्यता |
| **कर्कट** | : मान प्रतिष्ठा वृद्धि | **मकर** | : परिश्रमबाट सफलता |
| **सिंह** | : धनहानि | **कुम्भ** | : सम्पत्तिसम्बन्धी विवाद |
| **कन्या** | : हर्ष थपिने | **मीन** | : मित्रबाट विरोध |

# एक सिपाहीको आँखाबाट
# नयाँ जनादेश र वाचापत्रका अपेक्षा



✍ प्रेम शाही

नेपालको राजनीतिक इतिहासलाई फर्केर हेर्दा एउटा गम्भीर प्रश्न उठ्छ, के नेपाली नागरिकले राज्यबाट अपेक्षित सुशासन, अवसर र समृद्धिको अनुभूति वास्तवमै गर्न पाए ? सत्ता परिवर्तनका अनेक चरण भए, व्यवस्था बदलिए, संविधानहरू लेखिए तर आम नागरिकको जीवनमा स्थायित्व, भरोसा र समृद्धिको अनुभूति अपेक्षाकृत कम देखियो । यही अनुभवले पछिल्ला वर्षहरूमा नेपाली समाजमा नयाँ राजनीतिक विकल्पको खोजीलाई तीव्र बनाएको छ ।

२०४६ सालपछिको लोकतान्त्रिक अभ्यासले अभिव्यक्ति स्वतन्त्रता र राजनीतिक प्रतिस्पर्धाको ढोका खोले पनि, त्यससँगै पार्टीवाद, व्यक्तिवाद, परिवारवाद र भ्रष्टाचार जस्ता प्रवृत्तिहरू पनि विस्तार हुँदै गए । समयसँगै यी प्रवृत्तिहरूले राजनीतिक संस्थाप्रति जनविश्वास कमजोर बनायो । परिणामस्वरूप आज नेपाली समाजले नयाँ राजनीतिक संस्कारको अपेक्षा गरेको छ, जहाँ राजनीति पद र शक्ति प्राप्तिको माध्यम होइन, सार्वजनिक सेवा र राष्ट्रिय निर्माणको माध्यम बनोस् ।

यही सन्दर्भमा नयाँ वाचापत्र र जनादेश सहित नयाँ राजनीतिक शक्तिहरूको उदय भएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पाएको समर्थन जनताको परिवर्तन चाहनाको संकेत पनि हो । तर जनसमर्थनले मात्र राजनीतिक विश्वसनीयता कायम रहँदैनह त्यसलाई परिणाममा रूपान्तरण गर्ने क्षमता नै अन्तत: निर्णायक हुन्छ ।

### जनादेशसँगै बढेको जिम्मेवारी

नयाँ राजनीतिक शक्तिका प्रतिनिधिहरू जतिसुकै सक्षम र योग्य भए पनि नेपालको सामाजिक, क्षेत्रीय, लैङ्गिक र जातीय विविधतालाई समेट्ने सन्तुलित नेतृत्व आवश्यक हुन्छ । नेतृत्वले नीति र निर्णय गर्दा यथार्थवादी दृष्टिकोण अपनाउनु जरूरी छ । जनअपेक्षा ठूलो छ, तर त्यसलाई व्यवस्थापन गर्ने संयमित र दीर्घकालीन सोच अझै महत्वपूर्ण हुन्छ ।

नेपालको भूराजनीतिक यथार्थ पनि त्यत्तिकै संवेदनशील छ । 'दुई ढुङ्गाबीचको तरुल' भन्ने उपमा केवल साहित्यिक अभिव्यक्ति मात्र होइन, नेपालको रणनीतिक अवस्थाको संकेत पनि हो । यस्तो अवस्थामा राष्ट्रको हित सुरक्षित गर्दै विकास र समृद्धिको बाटो खोज्नु बुद्धिमत्ता र सन्तुलन दुवैको परीक्षा हो । नेपालले आफ्नो अस्तित्व जोगाउँदै अवसरहरूको उपयोग गर्ने रणनीति अपनाउनुपर्नेछ । जनादेशसँगै बढेको जिम्मेवारीलाई नयाँ शक्तिका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीले बिर्सनुहुँदैन ।

### रणनीतिक प्राथमिकता

प्राचीन चिनियाँ रणनीतिज्ञ सुन जुले भनेका छन्, 'कुनै पनि संघर्षमा सबैभन्दा पहिला एउटा क्षेत्रमा पहिले मजबुत पकड बनाउनु आवश्यक हुन्छ, जहाँबाट क्रमश: अन्यत्र विस्तार सम्भव हुन्छ ।' यही सिद्धान्त राजनीति र राज्य व्यवस्थापनमा पनि लागू हुन्छ ।

नेपालको वर्तमान राजनीतिक परिवेशमा एकैपटक सबै क्षेत्रमा परिवर्तनको घोषणा गर्नुभन्दा केही प्रमुख क्षेत्रमा स्पष्ट र प्रभावकारी परिणाम देखाउनु बढी महत्वपूर्ण हुन सक्छ । 'वन प्लेस एट अ टाइम, विथ कम्प्लिट भिक्ट्री' भन्ने रणनीति अपनाएर एक-एक क्षेत्रमा सफलता हासिल गर्दै विश्वास निर्माण गर्नु दीर्घकालीन रूपमा प्रभावकारी हुन सक्छ । एउटा सफल सुधारले अन्य क्षेत्रमा पनि सकारात्मक प्रभाव सिर्जना गर्न सक्छ । मन्त्रालयगत रूपमा सुधारका आवश्यक क्षेत्रहरू पहिचान र प्राथमिकीकरण गरी कुनै एक-एक क्षेत्रमा सुधार योजना लागू गर्दै विश्वासको वातावरण निर्माण जनमतले गरेको पहिलो अपेक्षा हो ।

### संस्थागत कमजोरी र सुधारको आवश्यकता

नेपालको राज्य व्यवस्थामा देखिएका समस्याहरू कुनै एक वा दुई व्यक्तिको कमजोरी मात्र होइनन्ह ती संरचनात्मक पनि छन् । न्यायपालिकामा राजनीतिक प्रभाव, संवैधानिक निकायहरूमा राजनीतिक नियुक्ति, प्रशासनिक तन्त्रमा अत्यधिक हस्तक्षेप र विकास योजनाहरूमा दीर्घकालीन दृष्टिकोणको अभाव जस्ता समस्याले शासन प्रणालीलाई कमजोर बनाएका छन् । सुशासनको पहिलो पाइला त्यसैले संरचनागत सुधार हुनुपर्छ, जसले व्यक्तिगत प्रतिशोधहरू उद्घाटित वा प्रस्तुत हुनसक्ने अवस्था निराकरण हुन्छ ।

यसका साथै आर्थिक र वैचारिक पर निर्भरता पनि राष्ट्रिय विकासका लागि चुनौती बनेको छ । आत्मनिर्भरता र संस्थागत सुदृढीकरण विना दीर्घकालीन समृद्धि सम्भव हुँदैन । त्यसैले राज्यका प्रमुख संस्थाहरूलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्दै पारदर्शिता, उत्तरदायित्व र परिणाममुखी कार्यशैली स्थापना गर्नु अत्यावश्यक छ ।

### परिणाममुखी राजनीतिको आवश्यकता

आज नेपाली समाजले भाषण गर्न जान्ने नयाँ नेता होइन, नयाँ परिणाम खोजिरहेको छ । शिक्षा, स्वास्थ्य, न्याय, रोजगारी र सुशासनका क्षेत्रमा ठोस सुधार देखिन सकेमात्र नागरिकको विश्वास पुन: स्थापित हुनेछ । राजनीति अन्तत: जनसेवाको माध्यम हो भन्ने मूलभूत मान्यतालाई व्यवहारमा उतार्न सके मात्र नयाँ राजनीतिक संस्कार स्थापना सम्भव हुनेछ । अन्यथा, परिवर्तनको आशा बोकेका नागरिकहरू फेरि निराश हुने जोखिम रहन्छ ।

नेपाल आज एउटा ऐतिहासिक मोडमा उभिएको छ । अवसर पनि ठूलो छ, अपेक्षा पनि त्यत्तिकै ठूलो । अबको राजनीति आरोप र प्रत्यारोपको होइन, परिणाम र उत्तरदायित्वको हुनुपर्छ । देश र राष्ट्रलाई पहिलो प्राथमिकतामा राख्ने सोच र व्यवहार नै आजको सबैभन्दा ठूलो आवश्यकता हो । किनकि अन्तत: राष्ट्रको भविष्य नाराले होइन, नतिजाले तय गर्छ ।

*(साभार: अनलाइनखबर)*

# अर्थतन्त्रको गाँठोमा नि:शुल्क शिक्षा र स्वास्थ्य

✍ प्रचण्डध्वज कार्की

राजनीतिक परिवर्तनसँगै नेपालमा हरेक नयाँ सरकार आउँदा जनताको अपेक्षा पनि नयाँ हुन्छ । निर्वाचनका क्रममा राजनीतिक दलहरूले सार्वजनिक गर्ने घोषणापत्रहरूमा 'नि:शुल्क स्वास्थ्य सेवा' र 'नि:शुल्क शिक्षा' जस्ता आकर्षक प्रतिबद्धताहरू प्राय: देखिने गर्छन् । जनताका लागि यी प्रतिबद्धता स्वाभाविक रूपमा आकर्षक हुन्छन्, किनकि स्वास्थ्य र शिक्षा दुवै जीवनका आधारभूत आवश्यकता हुन् । तर कुनै पनि नीति केवल राजनीतिक घोषणाबाट मात्र लागू हुँदैन । त्यसका लागि राज्यसँग पर्याप्त आर्थिक स्रोत, संस्थागत क्षमता, दक्ष जनशक्ति र दीर्घकालीन वित्तीय योजना आवश्यक हुन्छ । नेपालको वर्तमान आर्थिक संरचना, सरकारी बजेटको अवस्था र नागरिकले आफैं गर्ने खर्चको वास्तविकता हेर्दा तत्काल पूर्णरूपमा नि:शुल्क स्वास्थ्य सेवा र शिक्षा लागू गर्नु व्यावहारिक रूपमा निकै कठिन देखिन्छ ।

यही सन्दर्भलाई एक स्वास्थ्य व्यवसायीले भनेका थिए- 'यदि सरकारले साँच्चै स्वास्थ्य सेवा नि:शुल्क बनाउने हो भने मेरो अस्पताल सरकारलाई दिन तयार छु । किनकि समस्या सेवा दिने संस्थामा होइन, त्यसको खर्च कसरी व्यवस्थापन गर्ने भन्नेमा हो ।' यो भनाइमा केही अतिशयोक्ति हुन सक्छ, तर यसले नेपालको वर्तमान आर्थिक यथार्थलाई गहिरोरूपमा संकेत गर्छ । वास्तवमा राज्यले सेवा नि:शुल्क बनाउने भन्दा पनि नागरिकको आय, आर्थिक क्षमता र अवसर बढाउने नीति बढी प्रभावकारी हुन्छ भन्ने दृष्टिकोण धेरै अर्थशास्त्रीहरूले व्यक्त गर्ने गरेका छन् । तर यसले अर्को महत्वपूर्ण प्रश्न पनि उठाउँछ- यदि राज्यले सबै सेवा नि:शुल्क बनाउन नसक्ने हो भने नागरिकको आधारभूत अधिकार कसरी सुनिश्चित गर्ने ?

जनतालाई सेवा-सुविधा, त्यसमाथि शिक्षा र स्वास्थ्यजस्ता अत्यावश्यक कुराको नि:शुल्क सुनिश्चितता गर्ने जमर्कोचाहिँ प्रशंसनीय हो तर बाचापत्रका दस्तावेजमा सामान्यीकरण गरेर लेखेजस्तो सजिलो छैन । देशको अहिलेको अर्थतन्त्रको अवस्था नेतृत्वको अनुहार फेरि नेबित्तिकै फेरिने पनि होइन । किनभने अर्थतन्त्रको पाटोमा जोडिने विभिन्न विधाहरुको लिस्ट लामै हुन्छ । विगतमा पनि विभिन्न संयन्त्र तथा उपकरणहरुका खाका नकोरिएका होइनन् । उदाहरणका लागि स्वास्थ्य बिमालाई लिन सकिन्छ, जसको अवस्था के भइरहेको छ भन्ने त नयाँ बन्ने सरकारसामु स्पष्ट होला । बाचपत्रमा बाचा गरेझैं जनतालाई सुविधा उपलब्ध गराउन कसरी सकिन्छ भन्ने विषयमा अब बन्ने बहुमतको सरकारसँग स्पष्ट योजना र खाका होला भन्ने कुरा आशावादी हुनुबाहेक भन्न सकिने अवस्था छैन ।

सरकारले नागरिकलाई नि:शुल्क स्वास्थ्य सेवा र शिक्षा उपलब्ध गराउने व्यवस्था प्राय: राज्यको कल्याणकारी नीतिअन्तर्गत लागू गरिन्छ । यस्तो व्यवस्था सफल बनाउन सरकारहरूले विभिन्न नीतिगत, वित्तीय तथा संस्थागत उपकरणहरू प्रयोग गर्छन् । विश्वका धेरै विकसित राष्ट्रहरूले नागरिकको आधारभूत अधिकारका रूपमा स्वास्थ्य र शिक्षालाई सुनिश्चित गर्दै यस्तो प्रणाली सञ्चालन गरिरहेका छन् । ती विकसित राष्ट्रहरूले प्रयोग गरेका उपकरणहरु मूलत: निम्नानुसार छन् ।

१. करमा आधारित वित्तीय प्रणाली : नि:शुल्क स्वास्थ्य र शिक्षा उपलब्ध गराउन सरकारहरूले मुख्यरूपमा सामान्य कर प्रणाली प्रयोग गर्छन् । आयकर, मूल्य अभिवृद्धि कर, कम्पनी करलगायतबाट संकलित राजस्वलाई सरकारले स्वास्थ्य संस्था, विद्यालय तथा विश्वविद्यालय सञ्चालनमा खर्च गर्छ । यस प्रकारको प्रणालीलाई सामान्यतया वेभरिज मोडल भनिन्छ । यस मोडलअन्तर्गत अस्पताल, विद्यालय तथा विश्वविद्यालयहरू प्राय: सरकारी स्वामित्वमा हुन्छन् र नागरिकले सेवा प्रयोग गर्दा प्रत्यक्ष शुल्क तिर्नुपर्दैन । उदाहरणका लागि बेलायत, नर्वेलगायतका देशहरूले यस्तो प्रणाली अपनाएका छन् ।

२. राष्ट्रिय स्वास्थ्य बिमा प्रणाली : कतिपय देशले राष्ट्रिय स्वास्थ्य बिमा प्रणाली सञ्चालन गरेका छन्, जहाँ सरकारले एकीकृत स्वास्थ्य बिमा प्रणालीमार्फत सम्पूर्ण नागरिकलाई स्वास्थ्य सेवा उपलब्ध गराउँछ । यसमा नागरिक तथा रोजगारदाताबाट निश्चित योगदान लिइन्छ र न्यून आय भएका वर्गको लागि सरकारले खर्च बहन गर्छ । उदाहरणका लागि दक्षिण कोरियामा सञ्चालन हुने राष्ट्रिय स्वास्थ्य बिमा सेवामार्फत नागरिकले व्यापक स्वास्थ्य सेवा पाउँछन् । नेपालले पनि सीमित स्वास्थ्य सेवाका लागि यस्तै उपकरण प्रयोग गरिरहेको छ तर सोको देशव्यापी उपयोगको अवस्था चिन्ताजनक रहेको छ ।

३. सार्वभौमिक स्वास्थ्य कवरेज नीति : धेरै देशहरूले सार्वभौमिक स्वास्थ्य कवरेज नीति अपनाएका छन् । यस्तो नीति विश्वव्यापीरूपमा विश्व स्वास्थ्य संगठनले पनि प्रवर्द्धन गरेको छ । यसअन्तर्गत सरकारहरूले सरकारी अस्पतालको सञ्जाल विस्तार, प्राथमिक स्वास्थ्य सेवा नि:शुल्क उपलब्ध, औषधिमा अनुदान, गरिब तथा जोखिममा रहेका समूहका लागि विशेष स्वास्थ्य बिमाजस्ता कार्यक्रम सञ्चालन गर्छन् ।

४. सार्वजनिक शिक्षा प्रणाली : अधिकांश विकसित देशहरूले प्राथमिक तथा माध्यमिक शिक्षा पूर्णरूपमा नि:शुल्क उपलब्ध गराउँछन् । कतिपय देशमा विश्वविद्यालय शिक्षासमेत अत्यन्त कम शुल्क वा पूर्णरूपमा नि:शुल्क हुन्छ । यसका लागि सरकारहरूले सरकारी विद्यालयहरूको व्यापक सञ्जाल, शिक्षकहरूको सरकारी नियुक्ति, नि:शुल्क पाठ्यपुस्तक, छात्रवृत्ति तथा विद्यार्थी सहायता कार्यक्रमजस्ता व्यवस्था लागू गरेका छन् ।

उदाहरणका रूपमा फिनल्यान्डको शिक्षा प्रणाली विश्वमै उत्कृष्ट मानिन्छ । नागरिकलाई नि:शुल्क स्वास्थ्य सेवा र शिक्षा उपलब्ध गराउने प्रणाली कुनै चामत्कारिक उपायबाट सम्भव हुँदैन । यसको आधार उच्च कर राजस्व, प्रभावकारी राज्य संरचना, पारदर्शी प्रशासन तथा दीर्घकालीन सामाजिक नीति हो । विश्वका धेरै सफल राष्ट्रहरूले स्वास्थ्य र शिक्षालाई खर्च होइन, मानव पूँजीमा गरिएको दीर्घकालीन लगानीका रूपमा लिएका कारण यस्तो प्रणाली दिगोरूपमा सञ्चालन गर्न सकेका छन् ।

### अबको सरकारले शिक्षा र स्वास्थ्यको बाटो बनाउन सक्ला ?

देशको आजको अवस्थाको अर्थतन्त्रलाई आधार मान्ने हो भने बिलकुलै यो सम्भव छैन । अर्थतन्त्रको आकार, देशको अर्थतन्त्रको स्रोत र नि:शुल्क शिक्षा एवं स्वास्थ्यको बाटो निर्माणको अर्थको आकारमा निकै ठूलो अन्तर छ तर दीर्घकालीन योजनाले चाहिँ यो सपना साकार पार्न सक्छ । नेपालमा 'नि:शुल्क स्वास्थ्य सेवा र नि:शुल्क शिक्षा' लागू गर्ने विषय समय-समयमा राजनीतिक बहसको केन्द्रमा आउने गरेको छ । धेरै विकसित राष्ट्रहरूले स्वास्थ्य र शिक्षालाई नागरिकको आधारभूत अधिकारको रूपमा स्थापित गर्दै राज्यले नै यसको अधिकांश खर्च बहन गर्ने प्रणाली विकास गरेका छन् ।

तर कुनै पनि नीति लागू गर्दा त्यसको आर्थिक स्रोत, राज्यको राजस्व क्षमता, नागरिकको खर्च संरचना र समग्र अर्थतन्त्रको आकारलाई गम्भीररूपमा मूल्यांकन गर्न आवश्यक हुन्छ । नेपालको वर्तमान आर्थिक अवस्था र बजेट संरचनाको तथ्यांकलाई हेर्दा तत्काल पूर्णरूपमा नि:शुल्क स्वास्थ्य सेवा र शिक्षा लागू गर्नु व्यावहारिक रूपमा निकै कठिन देखिन्छ ।

### बजेट-स्रोतको वास्तविक अवस्था

नेपाल सरकारको वार्षिक बजेट करिब १९ खर्ब रुपियाँको आसपास रहेको छ । यो रकमको ठूलो हिस्सा चालू खर्चमा जाने गर्छ । संघीय संरचना सञ्चालन, कर्मचारी तलब भत्ता, सामाजिक सुरक्षा भत्ता, ऋणको ब्याज भुक्तानी तथा पूर्वाधार विकासका कार्यक्रमहरू सरकारका प्रमुख दायित्व हुन् । यस कारण विकास तथा सामाजिक सेवा विस्तारका लागि सरकारसँग बाँकी रहने स्रोत सीमित हुन्छ ।

अर्को महत्त्वपूर्ण पक्ष नेपालको कर राजस्व क्षमता हो । धेरै विकसित देशहरूमा सरकारको कर राजस्व कुल अर्थतन्त्रको ४० प्रतिशतभन्दा बढी हुन्छ, तर नेपालमा यो अनुपात करिब २०-२२ प्रतिशतको आसपास मात्र छ । यसको अर्थ सामाजिक सेवा विस्तार गर्न राज्यसँग उपलब्ध वित्तीय आधार सीमित छ । यस सन्दर्भमा स्वास्थ्य र शिक्षाजस्ता क्षेत्रमा ठूलो स्तरमा नि:शुल्क सेवा लागू गर्न आवश्यक पर्ने बजेट व्यवस्थापन गर्नु चुनौतीपूर्ण हुन्छ ।

### स्वास्थ्य क्षेत्रमा बजेट र वास्तविक खर्च

पछिल्ला अवस्थाअनुसार नेपाल सरकारले स्वास्थ्य क्षेत्रमा हालसम्म तुलनात्मकरूपमा कम बजेट खर्च गर्ने गरेको छ । हालका वर्षहरूमा स्वास्थ्य क्षेत्रमा वार्षिक बजेट करिब ८५ अर्बदेखि ९५ अर्ब रुपियाँको बीचमा रहेको छ, जुन कुल राष्ट्रिय बजेटको करिब ४-५ प्रतिशत मात्र हो । विश्व स्वास्थ्य मापदण्डअनुसार स्वास्थ्य क्षेत्रमा कम्तीमा १० प्रतिशत बजेट खर्च हुनुपर्ने सिफारिस गरिन्छ । तर नेपालमा यो लक्ष्यको आधा मात्र खर्च भइरहेको छ । स्वास्थ्य क्षेत्रमा खर्चको वास्तविक संरचना अझ रोचक छ । नेपालमा कुल स्वास्थ्य खर्चको ठूलो हिस्सा सरकारबाट होइन, नागरिक आफैँबाट आउने गर्छ ।

विभिन्न स्वास्थ्य वित्तीय अध्ययनहरूका अनुसार नेपालमा कुल स्वास्थ्य खर्चको करिब ५५ देखि ६० प्रतिशत नागरिकले प्रत्यक्षरूपमा आफ्नो खल्तीबाट तिर्ने गरेका छन् । निजी अस्पताल, क्लिनिक, प्रयोगशाला परीक्षण, औषधि खरिद तथा अन्य उपचार सेवामा यो रकम खर्च हुने गर्छ । यसका अतिरिक्त करिब २५-३० प्रतिशत खर्च मात्र सरकारबाट हुने गरेको छ भने बाँकी हिस्सा अन्तर्राष्ट्रिय दातृ संस्था तथा गैरसरकारी संस्थाहरूबाट आउने गर्छ ।

यसको अर्थ नेपालमा स्वास्थ्य सेवा प्रणालीको ठूलो हिस्सा निजी क्षेत्र र नागरिकको खर्चमा आधारित छ । यदि सरकारले पूर्णरूपमा नि:शुल्क स्वास्थ्य सेवा लागू गर्नुपऱ्यो भने अहिले नागरिकले निजी क्षेत्रमा खर्च गर्ने करिब दुई खर्ब रुपियाँभन्दा बढी रकम सरकारले नै व्यवस्था गर्नुपर्ने हुन्छ । यसका अतिरिक्त अस्पताल विस्तार, आधुनिक उपकरण, विशेषज्ञ चिकित्सक उत्पादन, औषधि आपूर्ति तथा स्वास्थ्य पूर्वाधार विस्तारका लागि थप ठूलो लगानी आवश्यक पर्नेछ ।

### शिक्षा क्षेत्रमा बजेट र नागरिकको खर्च

नेपालमा शिक्षा क्षेत्रलाई अपेक्षाकृत बढी प्राथमिकता दिइएको भए पनि अझै अन्तर्राष्ट्रिय स्तरभन्दा कम लगानी हुने गरेको छ । हाल शिक्षा क्षेत्रमा वार्षिक बजेट करिब २ खर्ब १० अर्ब रुपियाँको आसपास रहेको छ, जुन कुल राष्ट्रिय बजेटको करिब १०-११ प्रतिशत हो । यद्यपि अन्तर्राष्ट्रिय रूपमा शिक्षा क्षेत्रमा कम्तीमा २० प्रतिशत बजेट खर्च गर्न सिफारिस गरिएको छ । नेपालमा भने यो लक्ष्यको आधा मात्र खर्च भइरहेको देखिन्छ ।

शिक्षा बजेटको संरचना हेर्दा अर्को चुनौती देखिन्छ । शिक्षा मन्त्रालयको बजेटको ठूलो हिस्सा नयाँ कार्यक्रमभन्दा पनि चालू खर्चमा जाने गर्छ । शिक्षकहरूको तलब, विद्यालय अनुदान तथा प्रशासनिक खर्चमा बजेटको ठूलो हिस्सा खर्च हुने भएकाले नयाँ सुधार कार्यक्रमका लागि सीमित स्रोत मात्र बाँकी रहने अवस्था हुन्छ । नेपालमा शिक्षा क्षेत्रमा नागरिकको खर्च पनि अत्यन्त ठूलो छ ।

निजी विद्यालय, कलेज, कोचिङ तथा ट्युसन प्रणालीमा अभिभावकहरूले ठूलो रकम खर्च गर्ने गरेका छन् । विशेष गरी शहरी क्षेत्रमा निजी विद्यालयको प्रभाव अत्यधिक रहेको छ । यसका अतिरिक्त विदेश अध्ययनका लागि जाने नेपाली विद्यार्थीले प्रत्येक वर्ष ठूलो रकम देशबाहिर पठाउने गरेका छन् । विभिन्न आर्थिक तथ्यांकअनुसार विदेश अध्ययनका लागि नेपाली विद्यार्थीले वार्षिक सय अर्ब रुपियाँभन्दा बढी रकम विदेश पठाउने गरेका छन् ।

आ.व. २०२४-२५ मा मात्रै विदेश अध्ययनका लागि नेपाली विद्यार्थीले करिब १३९ अर्ब रुपियाँ विदेश पठाएको अवस्था छ, जुन रकम नेपाल भित्रिने रेमिट्यान्सको ८-९ प्रतिशतभन्दा बढी हो । यसले शिक्षा क्षेत्रमा पनि राज्यको मात्र स्रोत पर्याप्त नभएको स्पष्ट देखाउँछ । यदि सरकारले सम्पूर्ण शिक्षा प्रणाली पूर्णरूपमा नि:शुल्क बनाउने निर्णय गऱ्यो भने अहिले निजी क्षेत्रमा भइरहेको ठूलो खर्चको भार पनि सरकारले नै बहन गर्नुपर्ने हुन्छ ।

### विकसित देशहरूसँग तुलना

विश्वका केही देशहरूले स्वास्थ्य र शिक्षा दुवै क्षेत्रमा अत्यन्त सशक्त सार्वजनिक सेवा प्रणाली विकास गरेका छन् । उदाहरणका लागि नर्वे, स्वीडेन, फिनल्यान्डजस्ता नर्डिक देशहरूमा स्वास्थ्य र शिक्षा सेवा लगभग पूर्णरूपमा राज्यले नै वित्तपोषण गर्छ । तर यी देशहरूको आर्थिक क्षमता नेपालभन्दा धेरै गुणा ठूलो छ । उदाहरणका लागि नर्वेको प्रतिव्यक्ति आय ८० हजार अमेरिकी डलरभन्दा बढी छ, जबकि नेपालमा प्रतिव्यक्ति आय करिब १५०० अमेरिकी डलरको आसपास मात्र छ ।

त्यस्तै नर्डिक देशहरूमा सरकारले करका माध्यमबाट ठूलो राजस्व संकलन गर्न सक्षम हुन्छ । नागरिकहरूले उच्च कर तिर्ने भए पनि राज्यले प्रदान गर्ने सेवाको गुणस्तर अत्यन्त उच्च हुने भएकाले त्यो प्रणाली दिगोरूपमा सञ्चालन भइरहेको छ । नेपालमा भने कर प्रणाली अझै विस्तारको चरणमा छ र कर अनुपालन पनि अपेक्षाकृत कमजोर रहेको छ ।


### स्रोत र दायित्वबीचको अन्तर

नेपालले अहिले पनि धेरै महत्वपूर्ण क्षेत्रमा ठूलो लगानी गर्नुपर्ने आवश्यकता छ । पूर्वाधार विकास, ऊर्जा उत्पादन, औद्योगिक विकास, रोजगारी सिर्जना तथा यातायात सञ्जाल विस्तारजस्ता क्षेत्रहरूमा ठूलो पूँजी आवश्यक छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# समानुपातिक सांसद: ३७ जिल्लामा शून्य, १७ जना काठमाडौंका मात्रै

काठमाडौं/प्रतिनिधि सभाको प्रत्यक्ष र समानुपातिक निर्वाचन दुवैको परिणाम आइसको छ । २ सय ७५ जना सांसद मध्ये ११० जना समानुपातिक सांसद छन् । दलहरूले देशैभर भोट मागेर आएको मतको आधारमा समानुपातिक सांसद छानिन्छन् । तर, फरक फरक दलबाट सांसद चयन हुँदा सबै जिल्लाको प्रतिनिधित्व भने भएन । यसपटक समानुपातिकतर्फ ३७ जिल्लाबाट सांसदको प्रतिनिधित्व छैन । ती बाहेकका जिल्लाबाट भने समानुपातिकमा एउटै जिल्लाबाट १७ जना सम्म सांसद भएका छन् ।




समानुपातिकतर्फ ११० सांसदमध्ये राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का ५७, नेपाली कांग्रेसका २०, नेकपा एमालेका १६, नेपाली कम्युनिस्ट पार्टीका नौ, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी, राप्रपाका समान चार-चार जना प्रतिनिधिसभा सदस्यहरू रहेका छन् । आयोगले सार्वजनिक गरेको समानुपातिकतर्फको सूचीअनुसार विजयी उम्मेदवारहरूको नागरिकता जारी भएको जिल्लालाई आधारमान्दा ४० जिल्लाबाट कम्तिमा पनि एक जनाको प्रतिनिधित्व भएको देखिन्छ ।

यस्तै ३७ जिल्लाबाट समानुपातिकतर्फ कुनै पनि दलबाट एक जना पनि उम्मेदवार समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचित भएका छैनन् । यस्तै मधेश प्रदेशका आठवटै जिल्लाबाट समानुपातिकतर्फ प्रतिनिधित्व भएको छ । जिल्लागत रूपमा हेर्दा सबैभन्दा धेरै काठमाडौं जिल्लाबाट विभिन्न दलका गरी १७ जना समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचित भएको आयोगको तथ्यांकले देखाउँछ ।

यस्तै झापाबाट छ जना, धादिङ र मोरङबाट समान पाँच-पाँच जना, सुनसरी, सिराहा, धनुषा, दाङ र कञ्चनपुरबाट समान चार-चार जना उम्मेदवार विजयी भएका छन् । ताप्लेजुङ, महोत्तरी, काभ्रेपलाञ्चोक, ललितपुर, भक्तपुर, बाग्लुङ, रुपन्देही, कैलालीबाट समान तीन-तीन र संखुवासभा, रौतहट, सप्तरी, चितवन, गोरखा, नवलपरासी बर्दघाट सुस्ता, बर्दिया, सुर्खेत, कालिकोट र डडेल्धुराबाट दुई-दुई जना निर्वाचित भएका छन् ।

पाँचथर, सोलुखुम्बु, सर्लाही, बारा, पर्सा, मकवानपुर, नुवाकोट, दोलखा, तनहुँ, पाल्पा, स्याङ्जा, बाँके र अछामबाट एक-एक जना समानुपातिकतर्फ विजयी भएका छन् ।

**प्रदेशअनुसार संख्या**

समानुपातिकतर्फ निर्वाचित भएकाहरूको नागरिकता जारी भएको जिल्लाअनुसार सबैभन्दा धेरै सहभागिता बागमती प्रदेशमा देखिन्छ । यहाँबाट विभिन्न दलका ३६ जना नेताहरू सांसद बनेका छन् ।

यस्तै दोस्रोमा कोशी प्रदेश र तेस्रोमा मधेश प्रदेश रहेको छ । निर्वाचन आयोगको तथ्यांकले कोशी प्रदेशबाट २२ जना र मधेश प्रदेशबाट १८ जना समानुपातिकतर्फ निर्वाचित भएका छन् ।

कोशी प्रदेशमा ताप्लेजुङ, मोरङ, सुनसरी, झापा, पाँचथर, संखुवासभा र सोलुखुम्बु गरी २२ जना, मधेश प्रदेशमा बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी (सबै जिल्ला) बाट १८ जना निर्वाचित भएका आयोगको तथ्यांकले देखाउँछ ।

तथ्यांकअनुसार बागमती प्रदेशमा पर्ने काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, धादिङ, नुवाकोट, चितवन, मकवानपुर र दोलखा गरी ३६ जना परेका छन् ।

गण्डकी प्रदेशका गोरखा, बाग्लुङ, तनहुँ र स्याङ्जाका सात जना, लुम्बिनी प्रदेशका रुपन्देही, दाङ, बाँके, बर्दिया, पाल्पा र नवलपरासीका १३ जना, कर्णाली प्रदेशका सुर्खेत र कालिकोटका चार जना र सुदूरपश्चिम प्रदेशका कैलाली, कञ्चनपुर, डडेल्धुरा, अछामका १० जना निर्वाचित भएका छन् ।

**जिल्लाअनुसार संख्या**

समानुपातिकतर्फ निर्वाचित सांसदको संख्या हेर्दा जिल्लागत रूपमा सबैभन्दा बढी काठमाडौंबाट १७ जना परेका छन् । यहाँ रास्वपाबाट मात्रै १० जना रहेका आयोगको तथ्यांकले देखाउँछ ।

रास्वपाबाट काठमाडौंबाट नागरिकता जारी भएका अनुष्का श्रेष्ठ, ओजश्वी शेरचन, कुसुम महर्जन, भूमिका श्रेष्ठ, कृपा महर्जन, लिमा भट्टराई आचार्य, विधुषी राणा, समीक्षा बास्कोटा, सुरेन्द्र चौधरी र अफ्साना बानु रहेका छन् ।

काठमाडौंका भूमिका लिम्बू सुब्बा, रामबहादुर थापामगर र कुलभक्त शाक्य नेकपा एमालेबाट, प्रमेशकुमार हमाल र परशुराम तामाङ नेकपाबाट तथा भरत गिरी र खुश्बु ओली राप्रपाबाट समानुपातिकतर्फ निर्वाचित भएका छन् ।

रास्वपाले भावी प्रधानमन्त्री घोषणा गरेका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन) निर्वाचित झापाबाट ६ जना नेताहरू समानुपातिकतर्फ विजयी भएका छन् । झापामा रास्वपाबाट टीका संग्रौला, कांग्रेसबाट सुशीला आचार्य ढकाल, रीना उप्रेती र मनमाया विक विजयी भएका हुन् ।

यस्तै एमालेबाट नीता घतानी र श्रम संस्कृति पार्टीबाट अम्बिकादेवी संग्रौला निर्वाचित भएका छन् । उनीहरू दुवै जनाको नागरिकता झापाबाट जारी भएको आयोगमा तथ्यांक छ ।

झापापछि मोरङ र धादिङबाट नागरिकता जारी पाँच-पाँच जना नेताहरू विजयी भएका छन् । मोरङबाट रजनी श्रेष्ठ, प्रेमलाल चौधरी, रुक्मिणीदेवी कोइराला, प्रमिलाकुमारी गच्छदार र गुरूप्रसाद बराल विजयी भएका हुन् । रजनी र प्रेमलाल रास्वपाबाट, रुक्मिणी र प्रमिला कांग्रेसबाट र गुरूप्रसाद एमालेबाट समानुपातिकतर्फ निर्वाचित भएका आयोगले जनाएको छ ।

यस्तै धादिङका बसुमाया तामाङ, सीता थपलिया, गंगादेवी श्रेष्ठ, पुष्पराज कडेल र सरस्वती लामा निर्वाचित भएका हुन् । बासुमाया रास्वपा, सीता कांग्रेस, गंगादेवी तथा पुष्पराज एमाले र सरस्वती राप्रपामा आवद्ध छन् ।

सुनसरीबाट समानुपातिकतर्फ निर्वाचित भएका सिर्जना श्रेष्ठ, सृष्टी भट्टराई, प्रकाशचन्द्र दर्जी र निशा मेहता चारै जना रास्वपाका नेताहरू हुन् । सिराहाबाट पुरुषोत्तम शुप्रभात यादव, पुनमकुमारी अग्रवाल र ललिता कुमारी पनि रास्वपाबाटै विजयी भएका हुन् ।

सिराहबाट चन्देश्वर मण्डल पनि समानुपातिकतर्फ निर्वाचित भएका छन् । उनी एमालेका नेता हुन् । धनुषाबाट चन्द्रमोहन यादव, यशोधा कुमारी, जोगकुमार बरबरिया यादव, रूबी कुमारी विजयी भएका छन् ।

धनुषाबाट निर्वाचित चन्द्रमोहन कांग्रेस नेता हुन् भने यशोदा कुमारी एमालेमा आवद्ध छिन् । यस्तै जोगकुमार पनि एमालेकै नेता हुन् । रूबी कुमारी भने श्रम संस्कृति पार्टीकी सांसद हुन् ।

लुम्बिनी प्रदेशको दाङबाट पनि चार जना निर्वाचित भएका छन् । यहाँबाट क्रान्तिशिखा धिताल, खिमा विक, साजिदा खातुन सिद्धिकी र भीमकुमारी बुढामगर विजयी भएका हुन् । दाङबाट संसद बन्न सफल क्रान्तिशिखा र खिमा रास्वपा तथा साजिदा खातुन एमाले र भीमकुमारी नेकपामा आवद्ध छन् ।

सुदूरपश्चिमको कञ्चनपुर बाट समानुपातिकतर्फ चार जनाको प्रतिनिधित्व भएको छ । आयोगका अनुसार कञ्चनपुरबाट प्रतिभा रावल, गीता चौधरी, निराशा चौधरी डगौरा र कृपाराम राना निर्वाचित भएका हुन् । उनीहरूमध्ये रास्वपाबाट प्रतिभा र गीता, नेकपाबाट निराशा तथा एमालेबाट कृपाराम रहेका छन् ।

आयोगका अनुसार काभ्रेपलाञ्चोकबाट राम लामा, रचना खतिवडा खत्री, तारा विश्वकर्मा, ललितपुर खुसबु सरकार श्रेष्ठ, सुम्निमा यादव, प्रभा कार्की, ताप्लेजुङबाट मिङमा ग्याबु शेर्पा, रमेश प्रसाईं, गीताकुमारी सेन्दाङ निर्वाचित भएका छन् ।

यस्तै बाग्लुङबाट गंगा छन्त्याल, रेनुका काउचा, बलावती शर्मा, भक्तपुरबाट प्रमिला कुलुजु, मदनकृष्ण श्रेष्ठ, गंगालक्ष्मी अवाल, रुपन्देहीबाट श्रद्धा कुँवर क्षेत्री, मञ्जु भुसाल, ताहिर अलि भाट, कैलालीबाट करिश्मा कठरिया, प्रेमबहादुर बयक, गणेशबहादुर विश्वकर्मा र महोत्तरीबाट कामिनी कुमारी, नीनुकुमारी कर्ण, रेखाकुमारी यादव विजयी भएका छन् ।

संखुवासभा, गोरखा, डडेल्धुरा, बर्दिया, नवलपरासी बर्दघाट सुस्ता, सुर्खेत, रौतहट, चितवन, सप्तरी, कालिकोट गरी १० जिल्लाबाट नागरिकता जारी भएका २० जना निर्वाचित भएका छन् । संखुवासभाबाट सुजाता तामाङ, पूर्णप्रसाद लिम्बू, गोरखाबाट एलिजा गुरूङ, शोभा खनाल, डडेल्धुराबाट आकृति अवस्थी, हरिनादेवी कामी, बर्दियाबाट ज्ञानु पौड्याल, रीमा विश्वकर्मा, नवलपरासी (बर्दघाट सुस्ता) बाट अमृत बिक, रिगला यादव निर्वाचित भएका छन् ।

यस्तै सुर्खेतबाट सीता बादी, राधिका रम्तेल, रौतहटबाट गजला शमीम मिकरानी, शाहजान खातुन, चितवनबाट समिना मिया, टुकाभद्र हमाल, सप्तरीबाट खगेन्द्र कर्ण, अंकिता ठाकुर ।

कालिकोटबाट कलिबहादुर सहकारी, एशुदाकुमारी बराल विजयी भएका छन् । यसैगरी विभिन्न १३ जिल्लाबाट एक-एक जना समानुपातिकतर्फ विजयी भएका आयोगको तथ्यांकले देखाएको छ । आयोगका अनुसार बाराबाट प्रभा ढकाल, दोलखाबाट स्मृति सेन्चुरी, बाँकेबाट सुष्मा स्वर्णकार (डिम्पल), पाँचथरबाट भीष्मराज आङ्देम्बे निर्वाचित भएका छन् ।

गीता गुरूङ सोलुखुम्बु बाट, अर्जुननरसिंह केसी नुवाकोटबाट, रत्नाकुमारी थापा अछामबाट, पवित्रा विक मकवानपुरबाट, सरिता महतो सर्लाहीबाट समानुपातिकतर्फ एकल प्रतिनिधित्व गर्ने नेतामा पर्छन् ।

आयोगका अनुसार पर्साबाट सुनिताकुमारी चौधरी, तनहुँबाट विष्णुमाया विक, पाल्पाबाट पार्वती विक र स्याङ्जाबाट पदमाकुमारी अर्याल पनि समानुपातिकतर्फ एकल विजयी भएका उम्मेदवार हुन् ।

निर्वाचनमा दलहरूले प्राप्त गरेको मतको आधारमा समानुपातिकतर्फ उम्मेदवार निर्वाचित गर्दा ३७ जिल्लाबाट कोही पनि नपरेका देखिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# दलित महिलामाथिको अत्याचारलाई लिएर चिन्ता व्यक्त




साझाकुरा संवाददाता

हेटौंडा, ३ चैत/समग्र विकासको अवरोध, जातीय तथा लैंगिक विभेद भन्दै सामाजिक न्याय र विकास प्रक्रियामा दलित महिलाको पहुँच अभिवृद्धिका लागि संचारकर्मीको भूमिकाबारे अन्तरक्रिया मंगलबार हेटौंडामा भएको छ ।

दलित महिला संघ (फेडो) मकवानपुरको आयोजनामा भएको कार्यक्रममा सहभागीले पछिल्लो समय बढ्दै गएको महिलाहिंसा, विशेषगरी दलित महिलामाथिको अत्याचारलाई लिएर चिन्ता व्यक्त गरेका छन् । महिला, बालबालिका तथा ज्येष्ठनागरिक शाखाका अनुसार आर्थिक वर्ष २०८१/८२ मा ३२ उजुरी दर्ता भएकोमा आर्थिक वर्ष २०८२/८३ मा ४९ पुगेको छ । चालु आर्थिक वर्षमै १७ उजुरी दर्ता भइसकेका छन्, जसमध्ये १२ वटा फछ्र्योट भएका छन् । ठाडो उजुरीतर्फ पनि अवस्था उस्तै छ ।

आर्थिक वर्ष २०८१/८२ मा ४५ उजुरी, २०८२/८३ मा ४४ उजुरी र चालु वर्षमा १९ उजुरी दर्ता भएका छन्, जसमध्ये १६ वटा फछ्र्योट भएका छन् । आर्थिक वर्ष २०७९/८० मा ४५ जना दलित महिला पीडित भएको तथ्यांक छ भने २०८१/८२ मा पनि सोही संख्या दोहोरिएको छ । चालु आर्थिक वर्ष २०८२/८३ मा २१ जना दलित महिला पीडित भइसकेका जिल्ला प्रहरी कार्यालय मकवानपुरका एसपी श्याम खत्रीले जानकारी दिएका छन् । फेडो मकवानपुरकी उपाध्यक्ष सुनिता दर्नालको अध्यक्षता तथा प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।

# स्थानीय तहसम्बन्धी उजुरीको चाप बढी



साझाकुरा संवाददाता

हेटौंडा, ३ चैत/ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको हेटौंडा कार्यालयमा सबैभन्दा बढी उजुरी स्थानीय तहसँग सम्बन्धित परेका छन् ।

चालु आर्थिक वर्षको माघ मसान्तसम्म कार्यालयमा कुल ९७६ उजुरी दर्ता भएका छन्, जसमध्ये ६३३ वटा स्थानीय तहसँग सम्बन्धित रहेको कार्यालयले जनाएको छ । १२ जिल्ला कार्यक्षेत्र रहेको हेटौंडा कार्यालयमा चालु आर्थिक वर्षमा दर्ता भएका ९७६ उजुरी र गत आर्थिक वर्षबाट बाँकी रहेका ८१८ गरी कुल १ हजार ७९४ उजुरी विचाराधीन रहेका थिए । तीमध्ये ७३८ वटा उजुरी फर्स्यौट गरिएको कार्यालयप्रमुख रामकृष्ण पुडासैनीले जानकारी दिए ।

चालु आर्थिक वर्षका सात महिनाको अवधिमा सबैभन्दा बढी उजुरी पर्सा जिल्लाबाट आएका छन् । पर्साबाट २८७ उजुरी दर्ता भएका छन् भने बाराबाट २५०, रौतहटबाट १८६, मकवानपुरबाट १३९, चितवनबाट १११ र दोलखाबाट २ वटा उजुरी दर्ता भएका पुडासैनीले बताए । यसअवधिमा सिन्धुपाल्चोक, धादिङ, रसुवा र नुवाकोटबाट भने कुनैपनि उजुरी दर्ता भएका छैनन् ।

गत आर्थिक वर्षमा हेटौंडा कार्यालयमा दर्ता भएका उजुरीमध्ये ५३.११ प्रतिशत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गतका स्थानीय तहसँग सम्बन्धित थिए । चालु आर्थिक वर्षमा भने यस्तो उजुरीको संख्या बढेर ६५ प्रतिशतभन्दा बढी पुगेको कार्यालयले जनाएको छ ।


## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

**ब्लु हेवन टेलर्स्**
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद'

**दोस्रो बृहत् खेलकुद, कृषि तथा पर्यटन महोत्सव, हेटौंडा-२०८२**

मितिः २०८२ फाल्गुन २९ गतेदेखि चैत्र १४ गतेसम्म स्थान : हेटौंडा-१०, टिसिएन चौर

**राष्ट्रिय तेक्वान्दो प्रतियोगिता**
२०८२ चैत्र ११, १२ र १३ गते

**खुल्ला राष्ट्रिय महिला भलिबल प्रतियोगिता**
२०८२ चैत्र ४, ५, ६, ७ र ८ गते

**जिल्ला स्तरीय महिला/पुरुष १० कि.मि. दौड प्रतियोगिता**
२०८२ फागुन २९ गते

**जिल्ला स्तरीय व्याडमिन्टन प्रतियोगिता**
२०८२ फागुन २९, ३० गते

**जिल्ला स्तरीय पुरुष भलिबल प्रतियोगिता**
२०८२ चैत्र १, २ र ३ गते

**जिल्ला स्तरीय कराते प्रतियोगिता**
२०८२ चैत्र ९ र १० गते



# ध्वस्त संरचना पुनर्निर्माण गर्न तीनै तहका सरकारले बजेट छुट्याउनु पर्ने

साझाकुरा संवाददाता

हेटौंडा, ३ चैत/गत भदौ २३ र २४ गते देशका विभिन्न स्थानमा भएको आन्दोलनले व्यापक भौतिक तथा आर्थिक क्षति पुऱ्याएपछि सरकारले त्यसको पुनर्निर्माण र पुनर्व्यवस्थापनका लागि विस्तृत कार्ययोजना सार्वजनिक गरेको छ ।



राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. प्रकाशकुमार श्रेष्ठको नेतृत्वमा गठित समितिको प्रतिवेदनका आधारमा तयार गरिएको कार्ययोजनाले क्षतिको परिमाण, पुनर्निर्माणको रणनीति, स्रोत व्यवस्थापन र निजीक्षेत्र पुनरुत्थान सम्मका विषयलाई समेटेको छ । साथै चालु आर्थिक वर्ष र आगामी दुई आर्थिक वर्ष तीनवटै तहका सरकारले पुनर्निर्माणका लागि बजेट विनियोजन गर्नेगरी कार्ययोजना तयार पारिएको छ । आयोगले पुनर्निर्माणकार्यलाई चरणबद्धरुपमा कार्यान्वयन गर्ने योजना बनाएको छ । तत्कालीन, मध्यमकालीन र दीर्घकालीन रणनीतिका आधारमा कार्य अगाडि बढाइने कार्ययोजनामा उल्लेख छ ।

कार्ययोजनाले पुनर्निर्माणको मूलआधारकारुपमा आन्तरिक स्रोत परिचालनलाई प्राथमिकता दिएको छ । तीनै तहका सरकारले आफ्नै स्रोतबाट पुनर्निर्माण अघि बढाउने, अपुग भएमा संघीय सरकारले सहयोग गर्ने नीति तय गरिएको छ । निजीक्षेत्र र गैरसरकारी संस्थासँग सहकार्य गर्दै समन्वयात्मक ढंगले पुनर्निर्माण अघि बढाउने रणनीति छ । राष्ट्रिय योजना आयोगका सहप्रवक्ता डा. दिवाकर लुइँटेलकाअनुसार क्षतिग्रस्त संरचनाको पुनर्निर्माणका अल्पकालीन र दीर्घकालीन योजना तयार पारी सोहिअनुसार बजेट विनियोजन गर्नुपर्नेछ ।

'केही काम चालु आर्थिक वर्षको बजेटबाटै पनि सुरु भइसकेका छन् । आगामी आर्थिक वर्षको बजेट बनाउँदै गर्दा पनि जेनजी आन्दोलनबाट भएको क्षतिको पुनर्निर्माणका लागि निश्चित बजेट छुट्याउने पर्ने विषयमा छलफल चलिरहेका छन् । तीनवटै तहका सरकारले आगमी आर्थिक वर्षको बजेटमा यो विषयलाई प्राथमिकतामा राखुन् भन्ने उद्देश्य हो', उनले भने । कार्ययोजनाअनुसार सरकारले सेवाग्राहीमैत्री, मितव्ययी र विपद्प्रतिरोधी पूर्वाधार निर्माणमा जोड दिएको छ भने भविष्यमा यस्ता क्षति न्यून गर्ने लक्ष्य राखेको छ ।

संघीय सरकारका लागि चालु आर्थिक वर्षमा करिब चार अर्ब ३४ करोड आवश्यक पर्ने देखिएको छ भने आगामी दुई आर्थिक वर्षमा प्रत्येक वर्ष १० अर्ब १८ करोडका दरले बजेट छुट्याउनुपर्ने अनुमान छ । प्रदेश सरकारका लागि चालु वर्षमा करिब ८१ करोड २५ लाख र आगामी दुई वर्षमा प्रत्येक वर्ष एक अर्ब ४६ करोड आवश्यक पर्नेछ । स्थानीय तहका लागि चालु वर्षमा एक अर्ब ४२ करोड र आगामी दुई वर्षमा प्रत्येक वर्ष तीन अर्ब २१ करोड बजेट आवश्यक पर्ने अनुमान गरिएको छ ।

तीन तहका सरकारले प्रारम्भिक मर्मतसम्भारका लागि चालु बजेटबाटै रकमान्तर गर्ने, मौजुदा सवारीसाधन र सम्पत्तिको उपयोग गर्ने तथा आवश्यक परेमा मात्रै नयाँ खरिद गर्ने नीति लिइएको छ । सबै सरकारी सम्पत्तिको अनिवार्य बीमा गर्ने व्यवस्था प्रस्ताव गरिएको छ । सरकारले पुनर्निर्माणका लागि आवश्यक स्रोत जुटाउन खर्च व्यवस्थापनमा कडाइ गर्ने नीति लिएको छ । साना, टुक्रे र प्रभावहीन आयोजना कटौती गर्ने, तीन करोडभन्दा कम लागतका आयोजना संघीय सरकारले नगर्ने, र त्यस्ता कार्यक्रम प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण गर्ने नीति लिइएको छ ।

संघीय सरकारले सञ्चालन गर्दै आएका केही कार्यक्रम जस्तै लघुउद्यम विकास, जनता आवास, खरका छाना मुक्त कार्यक्रम अब स्थानीय तहले नै सञ्चालन गर्ने गरी संघीयस्तरबाट हटाइने भएको छ । सरकारले विकास साझेदार र गैरआवासीय नेपालीबाट पुनर्निर्माण कोषमा सहयोग जुटाउने योजना बनाएको छ । यस्तो सहयोग गर्नेलाई राज्यले सम्मान गर्ने नीति उल्लेख गरिएको छ । आन्दोलनबाट निजीक्षेत्र पनि गम्भीररुपमा प्रभावित भएको छ । कुल ३३ अर्बभन्दा बढी क्षति भएकोमा सबैभन्दा बढी असर व्यवसायिक प्रतिष्ठानमा परेको छ ।

करिब २७ अर्ब ४९ करोड बराबरको क्षति व्यवसायिक क्षेत्रमा भएको छ भने व्यक्तिगत घर परिवारमा करिब ६ अर्ब बराबरको क्षति भएको छ । क्षतिको संरचनागत विश्लेषण गर्दा भवन तथा घरमा करिब ४५ प्रतिशत, सवारीसाधनमा ५ दशमलव ५ प्रतिशत र बाँकी अन्य सम्पत्तिमा क्षति भएको देखिन्छ । करिब २३ अर्ब बराबरको बीमा दाबी परेको छ । कोभिड-१९ पछिको कमजोर अर्थतन्त्र र बाह्यक्षेत्रको दबाबकाबीच आएको यो क्षतिले निजीक्षेत्रको मनोबल थप कमजोर बनाएको विश्लेषण गरिएको छ । सरकारले निजीक्षेत्र पुनर्जीवनका लागि विभिन्न राहत तथा सहुलियत कार्यक्रम प्रस्ताव गरेको छ ।

क्षति भएका भवनहरुको नक्सापास शुल्कमा छुटदिन स्थानीय तहलाई आग्रह गर्ने तथा सम्पत्तिकरमा तीन वर्षसम्म छुट दिने व्यवस्था गर्नुपर्नेलगायत विषय कार्ययोजनामा उल्लेख छन् । बीमा भएका संरचनाको दाबी छिटो भुक्तानी गर्नुपर्ने तथा बीमा कम्पनीहरुमा तरलताको अभाव भएमा नेपाल राष्ट्र बैंक तथा अन्य वित्तीय संस्थाबाट सहुलियत ऋण उपलब्ध गराउने व्यवस्था प्रस्ताव गरिएको छ । बैंकिङ क्षेत्रमा पनि सहुलियत दिने, चालुपूँजी कर्जालाई किस्ताबन्दी कर्जामा रुपान्तरण गर्न सकिने, कर्जा पुन:संरचना अवधि २०८३ असारसम्म बढाइने र आवश्यकताअनुसार ग्रेसअवधि थपगर्ने व्यवस्था गरिने लगायत विषय कार्ययोजनामा राखिएका छन् ।

स्थिर ब्याजदरमा पाँच वर्षसम्म कर्जा उपलब्ध गराउने व्यवस्था प्रस्ताव गरिएको छ, जसमा आधारदरमा केवल शून्य दशमलव पाँच प्रतिशत प्रिमियम थप्नुपर्ने उल्लेख छ । आन्दोलनका क्रममा सार्वजनिक सेवाग्राहीका सवारीसाधन, मोवाइल, ल्यापटप, लत्ताकपडा जस्ता सामग्रीमा क्षति भएको अवस्थामा राज्यले आंशिक राहत दिने व्यवस्था मिलाइनुपर्ने पनि उल्लेख छ । प्रहरी मुचुल्काका आधारमा जिल्ला प्रशासन कार्यालय मार्फत् कुल क्षतिको २५ प्रतिशतसम्म राहत उपलब्ध गराउन सकिने आयोगले तयार पारेको कार्ययोजनामा उल्लेख छ ।

सरकारले विस्तृत कार्ययोजना सार्वजनिक गरेपनि यसको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण देखिएको छ । राजस्व संकलन कमजोर रहेको, संघीय संरचनामा खर्च बढिरहेको र आर्थिक दबाब उच्च रहेको अवस्थामा यति ठूलो परिमाणको पुनर्निर्माणकार्य सम्पन्न गर्न वित्तीय अनुशासन, समन्वय र पारदर्शिता आवश्यक पर्ने देखिन्छ । सरकारी तथ्यांकअनुसार आन्दोलनका कारण कुल ८४ अर्ब ४५ करोड ७७ लाख बराबरको क्षति भएको छ । यसमध्ये सरकारी तथा सार्वजनिक क्षेत्रमा सबैभन्दा बढी क्षति देखिएको छ भने निजीक्षेत्र पनि गम्भीररुपमा प्रभावित भएको छ ।

सरकारी संरचनामा मात्रै करिब ४४ अर्ब ९३ करोड बराबरको क्षति भएको छ भने निजीक्षेत्रतर्फ ३३ अर्ब ५४ करोड बराबरको नोक्सानी भएको छ । सामुदायिक तथा अन्यक्षेत्रमा करिब पाँच अर्ब ९७ करोड क्षति भएको प्रतिवेदनले देखाएको छ । सरकारी संरचनाभित्र संघीय सरकार सबैभन्दा बढी प्रभावित भएको देखिन्छ । जहाँ करिब २९ अर्ब ६७ करोड बराबरको क्षति भएको छ । त्यसपछि स्थानीय तहमा करिब नौ अर्ब ८१ करोड र प्रदेश सरकारमा चार अर्ब ४९ करोड बराबरको क्षति भएको छ ।

तीन तहका सरकारका संरचनाहरु पुनर्निर्माण र पुनर्व्यवस्थापन गर्न करिब ३६ अर्ब ३० करोड खर्च लाग्ने अनुमान गरिएको छ । यसमध्ये भवन पुनर्निर्माणमा मात्रै करिब २० अर्ब खर्च हुने देखिएको छ । त्यस्तै सवारीसाधन खरिदमा ६ अर्ब १६ करोड र अन्य सम्पत्तिमा १० अर्ब १४ करोड खर्च हुने अनुमान गरिएको छ ।

# न्यून आयका परिवारलाई घर निर्माणमा सहुलियत ऋण सुविधा

साझाकुरा संवाददाता

हेटौंडा, ३ चैत/हेटौंडा उपमहानगरपालिका क्षेत्रमा बसोबास गर्दै आएका न्यून आय भएकालाई लक्षित गरी लागत प्रभावकारी खर्चमा आवास निर्माण गर्न ऋण सहयोग उपलब्ध गराइने भएको छ ।




हेटौंडा उपमहानगरमा, उपमहानगरपालिका, लुमन्ती नामक संस्था र कामना सेवा विकास बैंकको सहकार्यमा सञ्चालित आवास निर्माण कार्यक्रमबाट आवास निर्माणमा सहयोग गरिने भएको हो । न्यून आय भएकालाई लक्षित गरी उपमहानगरभित्र बसोबास गर्दै आएकालाई लागत प्रभावकारी खर्चमा आवास निर्माण तथा मर्मत सुधारका लागि ऋण सहयोग र प्राविधिक सहयोग गर्न लागेको लुमन्तीका आवास निर्माण कार्यक्रमका सामाजिक सहजकर्ता शान्ति बरुवालले जानकारी दिइन् ।

लागत प्रभावकारी खर्चमा आवास निर्माण तथा मर्मत सुधार गर्न चाहने उपमहानगरभित्र बसोबास गर्ने न्यून आय भएकालाई बढीमा एक ढलान घरसम्मको लागि ऋण सहयोग गरिने भएको छ । कार्यक्रमबाट आवास निर्माण तथा मर्मत सुधारका लागि व्यक्तिले ऋण सहयोग सात लाख रुपैयाँसम्म पाउने र सामूहिक आवासको निर्माणमा ऋण सहयोग १५ लाख रुपैयाँसम्म प्रदान गर्ने व्यवस्था रहेको छ । सामाजिक सहजकर्ता बरुवालले ब्याजदर वार्षिक ८ प्रतिशत हुने र ब्याजदर सात वर्षसम्मको अवधिमा वृद्धि नहुने भन्दै अग्रिम ऋणभुक्तानी गर्न चाहेमा कुनैपनि अतिरिक्त शुल्क नलाग्ने बताइन् ।

उनकाअनुसार घर निर्माण भएपछि ऋण लिएकाले मासिक १० हजार पाँच सय रुपैयाँ बराबरको किस्ता बुझाउनु पर्ने हुन्छ भने ऋण लिने क्रममा कुनैपनि सेवा शुल्क लाग्ने छैन । उनले ऋण लिनका लागि सम्बन्धित टोल विकास संस्था र सम्बन्धित वडा कार्यालयको सिफारिस, सेवाग्राहीको घरनिर्माण गर्ने जग्गाको लालपूर्जा, जग्गाको नक्सा र नागरिकताको प्रतिलिपि बुझाउनुका साथै सेवाग्राहीले उपमहानगरपालिका वा वडा कार्यालयमा मालपोत र सम्पत्तिकर तिरेको हुनुपर्ने बताइन् ।

उपमहानगरपालिका क्षेत्रमा बसोबास गर्ने न्यून आय भएकालाई मागका आधारमा आवास निर्माण तथा मर्मत सुधारका लागि ऋण सहयोग र प्राविधिक सहयोग उपलब्ध गराइने भएको छ ।

# स्वरोजगार यातायात मजदुरको अध्यक्षमा खनाल

साझाकुरा संवाददाता

हेटौंडा, ३ चैत/स्वरोजगार यातायात मजदुर मकवानपुरको अध्यक्षमा शोभाकुमारी खनाल चयन भएकी छिन् । कम्पनीको पाँचौं वार्षिकोत्सव तथा पहिलो साधारणसभाले अध्यक्षमा खनाललाई चयन गरेको हो ।

अध्यक्ष खनालसँगै उपाध्यक्षमा अक्कलबहादुर थिङ र दुर्घटना संयोजकमा शिवहरि पुर्वछानेलाई चयन गरेको छ । समितिको सचिवमा तीर्थराज खनाल, कोषाध्यक्षमा दिनेश खड्का, सदस्यहरुमा बुद्धकुमार राई, आकाश डिम्डुङ, केशव रसाइली चयन भइन् । कार्यक्रमको अवसरमा हेटौंडाका १६ जना अटो तथा इरिक्सा चालक महिलालाई नगदसहित सम्मान गरिएको थियो । साधारण सभामा कार्यसमितिका कोषाध्यक्ष दिनेश खड्काले वार्षिक प्रतिवेदन प्रस्तुत गरे ।

जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको प्रमुखआतिथ्य तथा समितिका अध्यक्ष राकेश कोइरालाको सभाध्यक्षतामा भएको कार्यक्रममा ट्रेड युनियन महासंघका मकवानपुर अध्यक्ष रामशरण घिमिरे, अखिल नेपाल ट्रेड युनियन महासंघका बागमती सचिवालय सदस्य बिष्णु राना, कम्पनीका सञ्चालक समितिका अध्यक्ष शुक्रपति दाहाललगायत व्यक्तिको उपस्थिति थियो । कम्पनीले हरेक वर्ष चैत्र १ गते वार्षिकोत्सव विभिन्न कार्यक्रम गरेर मनाउँदै आइरहेको छ ।

## मोटरसाईकल हराएको सूचना

यहि मिति २०८२ चैत्र २ गते विहान अन्दाजी २ बजेको समयमा मकवानपुर जिल्ला थाहा नगरपालिका वडा नम्बर ३ गोपाली गाउँबाट मेरो निम्न व्यहोरा भएको कालो रंगको १५५ सिसिको MT15 मोटरसाईकल हराएकोले देख्नुहुने वा भेट्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय अथवा तपसिल बमोजिम सम्पर्क नम्बरमा जानकारी गराईदिनु हुन अनुरोध गरिन्छ ।

**सवारी धनी** : **आशिष विक्रम खड्का**
**सवारीको नम्बर** : **बा.प्र. ०२ ०५७ प ७०२७**
**च्यासिस नम्बर** : MEIRGA21450002517
**इञ्जिन नम्बर** : G3N4E0943468
**सम्पर्क नम्बर** : **९८४०२१३७०७**

नेपाल सरकार
गृह मन्त्रलय
**बागमती प्रदेश प्रहरी कार्यालय**
हेटौंडा, मकवानपुर

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

*प्रकाशित मिति: २०८२।१२।०४ गते ।*

यस कार्यालयबाट दोस्रो पटक मिति २०८२।११।१२ गते साझाकुरा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना बमोजिम प्रकाशित सूचनाको आर्थिक तथा प्राविधिक पक्षको मुल्याङकनका लागि रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन समितिद्धारा मूल्याङ्कन हुँदा तपसिलबमोजिमको कार्यको The procurement of Furniture, Furnishing and decoration items (SQ/BPPO/GOODS/03/2082/083) लागि देहायमा उल्लेखित बोलपत्रदाताले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरीद (पहिलो संशोधन) ऐन २०६३ को दफा २७ (०१) अनुसारको कारबाही एवंदफा २७ (०२) को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना जारी गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**तपशिल**

| S.N. | IFB No: | Description of Work | Bidder's Name | Bidder's proposed amount without vat |
|---|---|---|---|---|
| 01 | SQ/BPPO/GOODS/03/2082/083 | The procurement of Furniture,Furnishing and decoration items | Shree Triveni Enterprises & suppliers Hetauda-9 | RS 12,22,700.00 |

## सूचिकृत हुने सम्बन्धमा

*(प्रथम पटक प्रकाशित मिति : २०८२/१२/०३)*

प्रस्तुत विषयमा यस विद्यालयको व्यवस्थापन समितिको मिति २०८२/१२/०१ को निर्णय अनुसार चालु आ.व. २०८२/०८३ मा विद्यालयमा आवश्यक पर्ने सेनेटरी प्याड खरिद गर्ने प्रयोजनको लागि नेपाल सरकारले जारी गरेको सेनेटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि-२०७६ को अनूसूचि १ दफा ३ को उपदफा ४ सँग सम्बन्धित सेनेटरी प्याडको न्युनतम मापदण्ड बमोजिम उक्त सामग्री खरिद प्रकृया प्रयोजनको लागि आपूर्ति गर्न चाहने आपूर्तिकर्ता, कम्पनी, सप्लायर्स तथा फर्महरुले सावजनिक खरिद नियमावली अनुसार तपसिलमा उल्लेखित कागजातहरु सहित विद्यालयमा सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा सूचिकृतको लागि निवेदन दर्ता गराउनु हुन सार्वजनिक सूचना आव्हान गरिएको छ ।

रित नपुगेको वा आवश्यक कागजातहरु संलग्न नगरिएको निवेदनलाई मान्यता दिइने छैन । प्राप्त भएका निवेदन मौजुदा सूचिमा सूचिकृत गर्ने वा नगर्ने अधिकार विद्यालय व्यवस्थापन समितिमा निहित रहने छ ।

तपसिल :
विषय क्षेत्र
१ सेनेटरी प्याड
निवेदनसँगै पेश गर्नुपर्ने आवश्यक कागजातहरु :
१. कम्पनी वा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपी
२. स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपी
३. मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी
४. आ.व.२०८१/०८२ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी

थप जानकारीको लागि सम्पर्क :
९८५५०१४७९९, ९८४५२९९०८३, ९८४५०७२५०६

**श्री निर्मल माध्यमिक विद्यालय**
हेटौडा उपमहानगरपालिका-१५, बस्तीपुर

महोत्सव हेर्न टिसिएन चौर जाऔं — सहभागी बनौं सफल पारौं

दोस्रो
बृहत खेलकुद, कृषि तथा पर्यटन महोत्सव-२०८२

मुख्य आकर्षणहरू:
- विभिन्न राष्ट्रिय तथा जिल्लास्तरीय खेलकुद प्रतियोगिता
- दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती
- परम्परागत तथा जिल्लाको संस्कृति झल्किने गरी जात जातिहरुको भेषभुषाको झाकी एवम् कला प्रदर्शन
- खेलकुद सामग्री, लत्ता कपडा तथा भाँडाकुडा प्रदर्शनी
- अन्तराष्ट्रिय स्तरको बाल उद्यान (रोटे पिङ, ड्रयागन, मारुती सर्कस, ब्रेक डान्स, भुत घर, चिडिया घर र बच्चाहरुको खेलौना)
- राष्ट्रिय तथा स्थानीय खानाको प्रदर्शनी



(२०८२ फागुन २९ गतेदेखि चैत १४ गतेसम्म)
हेटौंडा-१०, टिसिएन चौर

विशेष आकर्षण







आयोजक:
मकवानपुर जिल्ला खेलकुद विकास समिति, हेटौंडा

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना